This Question Paper consists of 31 questions and 7 printed pages.

Roll No. | | | | | | | | | | | | |

Code No. 53/AS/3

Set - A

# NEPALI
# नेपाली
# (231)

Day and Date of Examination ____________________

Signature of Invigilators 1. ____________________

2. ____________________

**सामान्य अनुदेश :**

1 परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न–पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ ।

2 प्रश्न–पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न–पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न–पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ ।

3 वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर–पुस्तिकामा चिह्नित गर्नोस् ।

4 वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय–सीमा निश्चित छैन ।

5 उत्तर–पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ ।

6 उत्तर–पुस्तिकामा आफ्नो प्रश्न–पत्रको कोड नं. **53/AS/3-A** लेख्नुहोस् ।

# NEPALI

# नेपाली

# (231)

**समय : 3 घण्टा** **पूर्णाङ्क : 100**

---

**निर्देश :**

1 **सबै** प्रश्नको उत्तर अनिवार्य छ ।

2 **सबै** प्रश्नहरू ध्यानपूर्वक पढ़ी उत्तर दिनुहोस् ।

3 प्रश्न सङ्ख्या **1** देखि **11** सम्मका चार विकल्पहरूमध्ये सर्वाधिक उपयुक्त उत्तर आफ्नो उत्तर–पुस्तिकामा लेख्नुहोस् ।

---

**1** कविले कसलाई 'जोभ बालिदिन्छु' भनेका छन् ? **1**

(A) युवकहरूलाई (B) जनतालाई

(C) अल्छीलाई (D) सैबलाई

**2** नौली को थिई ? **1**

(A) देवीरमणकी पत्नी (B) देवीरमणकी दोस्री पत्नी

(C) सुभद्राकी दिदी (D) देवीरमणकी सेविका

**3** मूर्खलाई अर्ति कस्तो लाग्छ ? **1**

(A) सन्देश (B) प्रशंसा

(C) आदेश (D) गाली

**4** भोगविलासको दास को छैन ? **1**

(A) चलाख (B) ज्ञानी

(C) परिश्रमी (D) गरीब

5 विद्यार्थी र सिपाही माझ के सम्बन्ध थियो ? 1

(A) सहयात्री (B) सहकर्मी

(C) सहयोगी (D) सहभागी

6 'क्षितिजमा आकाश र धरतीको संगम देखिन्छ' – यो कसको भनाइ हो? 1

(A) प्रदीपको (B) सुखवीरको

(C) हरिबाजेको (D) कसैको पनिहोइन

7 कहिले पर्वतारोहीहरू रेमण्ड ल्याम्बट र तेञ्जिङ़ शेर्पा अठाइस हजार दुई सय पन्ध्र फीटको उचाइसम्म पुगेर फर्के? 1

(A) सन् 1920 (B) सन् 1893

(C) सन् 1921 (D) सन् 1952

8 नेपाली र नागाहरूको बीचमा मित्रताको सुवर्ण पुल बाँदने ती सरल स्वभावका योगी को हुन्? 1

(A) बाजे (B) पादरी साहेब

(C) ताख्खे नागा (D) नाती मानव कुमार

9 'उसलाई आफ्नै खुट्टाहरूमा पनि विश्वास रहेनछ' – कसलाई ? 1

(A) कथाको मुख्य पात्रलाई (B) च्याक्से मान्छेलाई

(C) केटालाई (D) बूढोलाई

10 कवि माधवप्रसाद धिमिरे कुन धाराका कवि हुन्? 1

(A) प्रयोगवादी (B) छायावादी

(C) स्वच्छन्दतावादी (D) प्रगतिवादी

11 ‘वेलामा’ निबन्ध कुन विषयमा आधारित छ ? 1

(A) साहित्य (B) भाषा

(C) संस्कृति (D) संगीत

12 तलका गद्यांश पढ़ेर सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

मोतीराम भट्ट काशीमै एक सज्जन रामकृष्ण वर्माको सहायताले एउटा छापाखाना ‘भारत जीवन प्रेस’ खोली आफू म्यानेजर मई काम चलाउन थाले। छापाखान खोलिएको केही समय पछि नै उनले भानुभक्तको वालकाण्ड रामायण छापेर प्रकाशित गरे। यो प्रथम मुद्रित नेपाली पुस्तक भन्ने उनको दृड़ विश्वास थियो। त्यसैले उनले त्यस पुस्तकको एक प्रति वेलायतको लाइब्रेरीमा पनि पठाए। यसरी यो पुस्तक प्रकाशित गराउनु उनको महान् कार्य थियो। यस कार्यलाई नेपालीहरूले हार्दिक स्वागत गरे। छोटो अवधिमै वालकाण्ड समाप्त भयो। तब सातै काण्ड रामायण खोजेर छापे। त्यसरी भानुभक्तको रामायण सधैंलाई असर भयो। त्यसपछि उनले ‘गोर्खा भारत जीवन’ नामक प्रथम नेपाली पत्रिका सम्पादन र सञ्चालन गर्न लागे। मातृ–भाषा सेवामा लागेका मोतीराम भट्टले क्रमशः नेपाली पुस्तक तयार पार्नं लागे। ‘गजेन्द्रमोक्ष’, ‘पञ्चक प्रपञ्च’, ‘स्वप्नाध्याय संग्रह’, ‘शकुनौती छपाएर प्रकाशित गरे।

(i) मोतीरामले छापाखाना खोलेपछि सर्वप्रथम भानुभक्तको कुन रचना प्रकाशित गरे ? 1

(A) वधूशिक्षा (B) भक्तमाला

(C) प्रश्नोत्तर माला (D) वालकाण्ड रामायण

(ii) वालकाण्डको एक प्रति वेलायतको लाइब्रेरीमा किन पठाए? 1

(A) भक्तिकाव्य भएकोले (B) लोकप्रिय भएकोले

(C) सरल सहज भएकोले (D) प्रथम मुद्रित नेपाली पुस्तक भएकोले?

(iii) कसको सहयोगले मोतीराम भट्टले छापाखाना खोले ? 1

(iv) त्यस छापाखानाको नाम के हो? 1

(v) वालकाण्ड रामायण चाँडै बिक्री भएपछि मोतीरामले के गेर? 2

(vi) मोतीरामले कुन प्रथम नेपाली पत्रिकाको सञ्चालन र सम्पादन गेर? 2

(vii) यी सब कार्य गर्न मोतीराम कुन कुरोले प्रेरित भए? **2**

(viii) रामायण वाहेक मोतीराम भट्टले कुन कुन ग्रन्थ प्रकाशित गेर? **3**

**13** तलका पद्यांश पढेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

भजौंला भन्दैमा कति कति बित्यो जन्म जनको
मरौंला भन्नाको अझ पनि विचार छैन मनको
अहो ! दैवी भाया बड़िवलवती जानी मनले
विचार गर्दै गर्दै हरि भजिलिनू भक्त जनले॥

(i) 'भजौंला भन्दैमा कति कति बित्यो जन्म जनको' भन्नाले कसको? **1**

(A) कविको (B) सबैको

(C) भक्तहरूको (D) कसैको पनि होइन

(ii) भरौंला भन्ने विचार कतिखेरसम्म आँउदैन? **1**

(A) बाँचिञ्जेल (B) जीवनको कुनै क्षणमापनि

(C) अन्तिम क्षणसम्म पनि (D) सुख पाइञ्जेल

(iii) 'अहो ! दैवीभाया बड़ीवलवती' – को अर्थ के हो? **2**

(iv) के विचार गरेर भक्तले हरि भज्तु? **1**

**14** 'मातृ भाषामा लेख्दा हेप्ने, हेपिनेछु भन्ने धारणा राख्ने दुवै दोषी हुन्' यो भनाइ कसको हो? **1**

**15** 'म पोखरी झैं उही ठाँउ जम्दिनं' – यस पंक्तिको अर्थ स्पष्ट पार्नुहोस्। **1**

**16** 'शहीदहरूको सम्झना' – को भाव सरल भाषामा लेख्नुहोस्। **5**

17 ‘पूर्वको सन्देश जैतुनको हाँगामा उनेर 1

प्रत्येक हिटलरको गिदीमित्र घुसाइदेऊ – भन्नाले के बुझिन्छ?

18 ‘सिपाही’ – को चरित्र चित्रण गर्नुहोस्। 5

19 ‘त्रिकोण’ एकाङ्कीमा एकाङ्कीकारले के भन्न चाहेका छन्? 1

20 लिखित भाषा भनेको के हो? 1

21 (क) तलका कुनै दुई शब्दको सन्धि विच्छेद गर्नुहोस् : 2

देवेन्द्र, विद्यालय, जन्मोत्सव।

(ख) तलका कुनै दुई शब्दको समास लेख्नुहोस् : 2

नीलकमल, वेकाम, चौमास।

(ग) तलका कुनै दुई शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् : 2

उपकार, कृतज्ञ, नैतिक।

22 तलका कुनै दुई वाग्धारालाई वाक्यमा अर्थ खुल्ने गरी प्रयोग गर्नुहोस् : 2

कुरा खानु, आगो हुनु, दोमन हुनु।

23 तलका कुनै दुई जोड़ी शब्दलाई भिन्न अर्थ प्रयोग गरी वाक्य निर्माण गर्नुहोस्: 4

उपभोग–उपयोग, आँट–आँत, उपनाम–उपमान।

24 तपाईंको क्षेत्रमा तरूणसंघद्वारा आयोजित रक्तदान शिविरको विवरण प्रस्तुत गर्नुहोस्। 5

25 पर्यावरण स्वच्छताप्रति जागरूकतावारे आफ्नो मन्तव्य पोखेर एक अनुच्छेद लेख्नुहोस्। 5

26 एउटा छात्रवासमा विभिन्न संकायका (Faculty) 500 छात्रहरू छन्। तिनमा 250 कला संकायका, 150 वाणिज्य संकायका, 100 विज्ञान संकायका छात्रहरू छन् भने यस संकाय विभाजनलाई पाई चार्टमा बुझाउनुहोस्। 5

27 क्रिया केलाई भनिन्छ? यस भेदको उदाहरण सहित देखाउनुहोस्। 5

28 निम्नलिखित कुनै एक लोकोक्तिको भाव विस्तार गुर्नहोस् : 5

(क) गर्जने मेघ वर्षदैन।

(ख) घाँटी हेरी हाड़ निल्नु।

29 आफ्नो भविष्यको सुखद सपनालाई साकार रूप दिने परिकल्पनासित अवगत गराउदै साथीलाई पत्र लेख्नुहोस् । 7

**अथवा**

विद्यार्थीहरूको अनुशासनमा आएको शिथिलता व्यक्त गैर्द प्रधान अध्यापकलाई एउटा पत्र लेख्नुहोस्।

30 झर्रा शब्द भनेको के हो? सोदाहरण परिभाषा लेख्नुहोस्। 2

31 तलका कुनै एक विषयमा **200** शब्दभित्र निबन्ध लेख्नुहोस् : 10

(क) दार्जीलिङ्गको दर्शनीय स्थल।

(ख) आधुनिक शिक्षा पद्धति।

(ग) नारी सशक्तिकरण।

(घ) आधुनिक जीवन शैली।

---